कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार वित्तीय व्यवसाय गर्न इजाजत प्राप्त

# मल्टीपर्पस फिनान्स कम्पनी **लिमिटेड** (वित्तीय संस्था)

# MULTIPURPOSE FINANCE CO. LTD. (BITTIYA SANSTA)


(नेपाल राष्ट्र बैंकबाट “ग” वर्गको इजाजत पत्र प्राप्त संस्था)

राजविराज नगरपालिका, वडा नं.७, नेताचोक, सप्तरी जिल्ला

फोन नं. : .०३१-५२११७०) फ्याक्स नं. ०९१–४१९०६८

E-mail: mfclfin43@gmail.com

www.multipurposefinance.com


को

## “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु”

हाल कायम चुक्ता पूँजी रु. ४,१४,७३,६००/- (अक्षेरुपी चार करोड चौध लाख त्रिहत्तर हजार छ सय रुपैंयाँ मात्र) को १:८.६५ (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ आठ दशमलव पैंसट्ठी कित्ता शेयर) को अनुपातमा साविक शेयरधनीहरुको लागि प्रति शेयर रु.१००/– अंकित दरका ३५,८५,२६४ कित्ता हकप्रद साधारण शेयरहरुको निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रतिशेयर रु.१००/का दरले शत प्रतिशत भुक्तानी माग गरिएको**

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुको उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुका साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” मा लेखिएको आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो “हकप्रद शेयर निष्काशन सम्बन्धी तथा विवरणहरु” स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र **(Due Dilligence Certificate)** प्रस्तुत गरेका छौं ।धितोपत्रको लगानीमा हुन सक्ने जोखिम वारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्नेछ । यस वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु वारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्नका लागी इक्रा नेपाल लिमिटेडले 21October 2018 कमजोर आधारहरु जनाउने “ (ICRANP) IPO Grade 5” प्रमाणपत्र प्राप्त गरेको छ । सो सम्बन्धि विवरण पत्र को दफा (व) मा उल्लेख गरिएको छ । क्रेडिट रेटिङ्गको बहाल रहने मिति : 20 October 2019

नेपाल धितोपत्र बोर्डवाट स्वीकृत भएको मिति : २०७६/०२/०५
कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएको मिति : २०७६/०२/१५
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७५/०३/२३
हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७५/०४/२६ (बैकिङ्ग समय पश्चात)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

**सिभिल क्यापिटल मार्केट लि.**
**Civil Capital Market Ltd.**
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापनको कार्य गर्न इजाजत प्राप्त)
सिटिसि मल, छैंठौं तल्ला, सुन्धारा, काठमाण्डौ, नेपाल
फोन नं. ४२६१२५१, ४२५९४३७ फ्याक्स: ९७७-१-४२४८८९०
E-mail: ccm@civilcapital.com.np,Website: www.civilcapital.com.np

**क)** **संगठित संस्थाको नाम :** मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड (वित्तिय संस्था)

Multipurpose Finance Company Limited (Bittiya Sanstha)

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ४ नेता चोकमा रहेकोछ ।

**ग)** **कारोवार स्थान :** यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान सप्तरी जिल्ला, राजविराजमा रहेको छ ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

१) **कम्पनीको संक्षिप्त परिचय :**
नेपालको वित्तीय प्रणालीमा २०४० को दशक देखि उदार नीति अवलम्बन गरिए पश्चात वित्त कम्पनीहरुको पनि उपस्थितिको आवश्यक महशुस गरी २०४२ सालमा वित्त कम्पनी ऐन तर्जुमा भई २०४२।०६।२३ देखि लागु भएको भएतापनि २०४८ सालमा देशले उदार र खुला तथा बजारमुखी अर्थतन्त्रको नीति अवलम्बन गरे पश्चात मात्र निजी क्षेत्रबाट वित्त कम्पनी स्थापना गर्ने लहर आएको थियो । यस क्रममा २०४९ साल देखि २०५५ साल आश्विन सम्ममा ४४ वटा वित्त कम्पनीहरु देशमा स्थापना भएका थिए । जस मध्ये ४३ औं क्रममा मल्टीपरपस सेविंग्स एण्ड ईन्भेष्टमेन्ट फाईनान्स कम्पनी लि. को नाममा स्थापित कम्पनी हाल मल्टीपरपस फाइनान्स क. लिमिटेड (वित्तीय संस्था) को नामबाट संचालित छ । कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५३/१०/१० गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०२०५४/११/१७ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०५४/१२/०१ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ ।

२) **कम्पनीको उद्देश्य :**
नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरिय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले संभाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूंजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आबश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूंजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ्य प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**ङ)** **शेयर पूँजीको संरचना :**

अ) **<u>अधिकृत पूँजी</u> :** वित्तिय संस्थाको अधिकृत पूंजी रु. ८०,००,००,०००/- (अक्षेरुपी असी करोड रुपैयाँ मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ८०,००,००० (असी लाख) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

आ) **<u>जारी पूँजी</u> :** वित्तिय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. ४०,००,००,०००/- (अक्षेरुपी चालिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– दरका ४०,००,००० (चालिस लाख बिस) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

इ) **<u>चुक्ता पूँजी</u>** : हाल वित्तिय संस्थाको चुक्ता पूँजी रु. ४,१४,७३,६००/- (अक्षेरुपी चार करोड चौध लाख त्रिहत्तर हजार छ सय रुपैंयाँ मात्र) रहेको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको चुक्ता पूँजी रु. ४०,००,००,०००/- (अक्षेरुपी चालिस करोड मात्र) हुनेछ ।

च)    हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गर्नु पूर्वको चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २,४८,८४२ | ६०.००% | २,४८,८४,२०० | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | १,६५,८९४ | ४०.००% | १,६५,८९,४०० | शत प्रतिशत |
| | **जम्मा** | **४,१४,७३६** | **१००%** | **४,१४,७३,६००** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | २४,००,००० | ६०.००% | २४,००,००,००० | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | १६,००,००० | ४०.००% | १६,००,००,००० | शत प्रतिशत |
| | **जम्मा** | **४०,००,०००** | **१००%** | **४०,००,००,०००** | |

छ)    हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

(क) संस्थापकहरुको नाम ठेगाना तथा हाल लिएको शेयर कित्ताः

| क्र.सं. | संस्थापकको नाम | ठेगाना | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अजित कुमार मिश्र | लाज्मिपाट २ , काठमान्डौ | ३७,३३६ | |
| २ | अरविन्द कुमार बत्स | लाज्मिपाट २ , काठमान्डौ | ६०,५६१ | |
| ३ | जगदम्बा देवी झा | राजविराज २, सप्तरी | २१,२९८ | |
| ४ | जय प्रकाश ठाकुर | कोचाबखारी ३, सप्तरी | ३३ | |
| ५ | नितु कुमारी | कोचाबखारी ३, सप्तरी | १८ | |
| ६ | पंचानन्द झा | राजविराज २, सप्तरी | १,२२६ | |
| ७ | फुल मिश्र | कोचाबखारी ३, सप्तरी | ७,७७२ | |
| ८ | बिना मिश्रा | तिलाठी ३, सप्तरी | ३४,४३१ | |
| ९ | बैधनाथ मिश्र इन्दु | तिलाठी ३, सप्तरी | १,४५२ | |
| १० | मनोज कुमार साह | राजविराज १, सप्तरी | ८३ | |
| ११ | शिवशंकर ठाकुर | छिन्नमस्ता १, सप्तरी | २५ | |
| १२ | मेनका सिंह | राजविराज ९, सप्तरी | ६६३६ | |
| १३ | दिप नारायण साह | सिमरा २, सर्लाही | ६६३६ | |
| १४ | रजनीश कुमार सिंह | सिमरा २, सर्लाही | ८२९५ | |
| १५ | नवनित मिश्र | पिपरा १, महोत्तरी | ६,६३६ | |
| १६ | अमर कान्त झा | तेरहौता ४, सप्तरी | ४९,९६८ | |
| १७ | बिशाल पंडित | केवलपुर १, धाधिङ्ग | ६,६३६ | |
| | **जम्मा** | | २,४८,८४२ | |

(ख) संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगानाः

संस्थागत संस्थापक नभएको ।

ज) **निष्काशन गरिने हकप्रद शेयर संख्या तथा त्यसको अनुपात :**

**संस्थाको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ४,१४,७३६ (चार लाख चौध हजार सात सय छत्तिस) कित्ताको १ शेयर बराबर ८.६५ शेयर (१:८.६५) को अनुपातमा अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर आठ दशमलव पैंसट्ठी कित्ता साधारण शेयरको दरले प्रति शेयर रु.१००/– अंकित दरले जम्मा ३५,८५,२६४ (पैंतिस लाख पचासी हजार दुई सय चौंसट्ठी) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।**

झ) **हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**मिति २०७५ भाद्र ११ गते सोमबार बसेको कम्पनीको** बिषेश साधारण सभाको बिशेष प्रस्ताव नं १ बमोजिम हाल कायम चुक्ता पूँजीमा हुने शेयर संख्या (बोनश शेयर पूँजीकृत भए पश्चात) को ८६५ प्रतिशत अर्थात रु. ३५,८५,२६,४०० बराबरको हकप्रद शेयर जारी गर्ने भनी निर्णयार्थ पेश भएको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति तथा निर्णय :मिति २०७४ आषाढ २१ गते, बुधवार, बसेको कम्पनिको** उन्नाइसौं साधारण सभा को विशेष प्रस्ताव नं. १ बमोजिम संचालक समितिले गरेको सिफारिस बमोजिम प्रबन्ध पत्रमा बोनश शेयर पूँजीकृत भए पश्चात हकप्रद शेयर निष्काशन गरि वित्तिय संस्थाको चुक्तापुजी ४०,००,००,००० (अक्षरेपी चालिस करोड) हुनेछ भनी निर्णयार्थ पेश भएको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ॥

ञ) **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

*१) वित्तिय संस्थाका को सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुको प्रतिनिधित्व रहेको छ ।*

| सि. नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शैक्षिक योग्यता | ब्यापार/ब्यबसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्रीमति फुल मिश्र | अध्यक्ष (संस्थापक) | ५८ बर्ष | नेपाली | कोचाबखारी ३, सप्तरी | एस.एल.सी. | समाज सेवी |
| २. | श्री अजित कुमार मिश्र | सञ्चालक (संस्थापक) | ४६ बर्ष | नेपाली | लाज्मिपाट २ , काठमान्डौ । | स्नातकोत्तर | वित्तिय संस्थामा १६ वर्षको |
| ३. | श्रीमति जगदम्बा देवी झा | सञ्चालक (संस्थापक) | ८९ बर्ष | नेपाली | राजविराज २, सप्तरी | साक्षर | समाज सेवी |
| ५. | श्रीमती अर्पना मिश्र | संचालक (संस्थापक) | ३५ बर्ष | नेपाली | राजिविराज ८, सप्तरी | एम.बी.बी.एस. | स्वास्थ क्षेत्रमा |
| ५. | श्री जय प्रकाश ठाकुर | संचालक (सर्वसाधारण) | ५५ बर्ष | नेपाली | कोचाबखारी ३, सप्तरी | स्नातक | समाजीक कार्यकर्ता |
| ६ | श्री शिवहरी प्रसाद भट्टराई | संचालक (सर्वसाधारण) | ५८ बर्ष | नेपाली | राजविराज ६, सप्तरी | स्नातक | समाज सेवा |

*२) वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :*

| नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| श्री अजित कुमार मिश्र | लाज्मिपाट २ , काठमान्डौ | वाणिज्यशास्त्रमास्नातकोत्तर | मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड कम्पनीमा १८ बर्ष देखि प्रमुख कार्यकारी अधिकृतमा कार्यरत । |

ट) **सञ्चालक समितिको बनौट :**

१. सिंस्थाको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानुन तथा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही बार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

२. यस संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक समूह (समूह "क") बाट निर्वाचित | ४ (चार) |
| सर्वसाधारण समूह( समूह "ख") का शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक | १ (एक) |
| **जम्मा** | **७ (सात) जना** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

*नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालकबाट हाल प्रतिनिधित्व नभएको ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बैंकले हकप्रद शेयरको निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म कायम भएका साविक शेयरधनीहरुले मात्र आफ्नो कायम हक अनुसार एक शेयर बराबर आठ दशमलव पैंसट्ठी शेयर (१:८.६५) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् । साथै साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा संशोधित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" को अधिनमा रहि संचालक समितिले अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ । साथै उपरोक्त अनुपातमा शेयर जारी गर्दा शेयरधनीहरुको हिस्सामा खण्डीकरण हुन गएमा शेयरधनीले चाहेमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी शेयर बाँडफाँट गर्दा समूहगत घटबढ नहुने गरी बाँडफाँट गरिनेछ । यसरी बाँडफाँट गर्दा बैंकको पूंजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न बैंकको वार्षिक साधारण सभावाट निर्णय गरिनेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात** रु. हजारमा

| सि.नं | पूँजी तथा दायित्व | वास्तविक आ.ब | प्रक्षेपित आ.ब. |
|---|---|---|---|

| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५ पौष मसान्त सम्म | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | ४१,४७४ | ४१७४७ | ४१,४७४ | ४१,४७४ | ४००,००० | ४००,००० | ४००,००० |
| २ | जगेडा तथा कोषहरु | ७,३८४ | ८,५६२ | १५५२६ | १८,०४१ | २९,४०८ | ६४,१९३ | १२३,६०० |
| ३ | ऋणपत्र तथा बन्ड | - | - | - | - | | - | |
| ४ | तिर्न बाँकी कर्जा सापट | - | - | - | - | | - | |
| ५ | निक्षेप दायित्व | १३६,८४८ | १५४,९३५ | १८९,६८१ | २२१,३६५ | २८४,५२२ | ४५५,२३६ | ७२८,३७७ |
| ६ | भुक्तानी दिनुपर्ने बिलहरु | - | - | - | - | | - | |
| ७ | प्रस्तावित लाभांश | २३५ | ६,२२१ | ६,२२१ | ६२२१ | – | – | – |
| ८ | आयकर दायित्व | – | १,५२० | २,७१२ | १,०७८ | ६,६०८ | १४,९७७ | २५,४५९ |
| ९ | अन्य दायित्व | १०,४२९ | ९,८८१ | १३,३१७ | १८,३७४ | १६,०३८ | २२,३०१ | ३२,३३९ |
| | **कुल दायित्व** | **१९६,३७०** | **२२२,५९३** | **२६८,९३१** | **३०६,५५३** | **७३६,५७५** | **९५६,७०७** | **१,३०९,७७५** |
| **सि.नं** | **सम्पत्ति** | **वास्तविक आ.ब** | | | | **प्रक्षेपित आ.ब.** | | |
| | | **२०७२/७३** | **२०७३/७४** | **२०७४/७५** | **२०७५ पौष मसान्त सम्म** | **२०७५/७६** | **२०७६/७७** | **२०७७/७८** |
| १ | नगद मौज्दात | ८,६०६ | ८,६३७ | १२,५५१ | २२,९७८ | ७८,२१३ | ३२,४३९ | २९,१५० |
| २ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | | | | | | |
| ३ | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३१,११२ | २७,३०० | २८,२५२ | ३४,१७१ | ३१२,८५४ | १२९,७५५ | ११६,६०१ |
| ४ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | | - | - | - |
| ५ | लगानी | १९५ | १९५ | १९५ | १९५ | २५० | १८२,००० | २५४,२०० |
| ६ | कर्जा सापटी तथा बिल खरिद | १२९,२६८ | १६०,६०७ | १८३,७५३ | २०७,७४६ | ३१९,०५३ | ५८०,७१५ | ८७५,१२२ |
| ७ | स्थिर सम्पत्ति | ७,११४ | ६,९८० | ६,६७५ | ६,४६५ | ६,३४२ | ८,८२८ | ९,४९२ |
| ८ | गैह्र बैंकिङ्ग सम्पत्ति | - | - | - | | - | - | - |
| ९ | अन्य सम्पत्ति | २००७५ | १८,८७४ | ३७,५०५ | ३४,९९८ | १९,८६४ | २२,९७० | २५,२१० |
| | **कुल सम्पत्ति** | **१९६,३६९** | **२२२,५९३** | **२६८,९३१** | **३०६,५५३** | **७३६,५७६** | **९५६,७०७** | **१,३०९,७७५** |

* *२०७४ आषाढ मसान्तको वित्तीय* विवरण लेखापरिक्षण भई सकेको तर वार्षिक साधारण सभाबाट पारित हुन बाँकी रहेका छ। *प्रक्षेपीत वित्तीय विवरण एल.एस.पी. एसोशियट्स एचार्टड एकाउण्टेण्ट श्री गोपाल कुमार श्रेष्ठले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ।*

रु.हजारमा

| सि.नं. | विवरण | वास्तविक आ.ब | | | प्रक्षेपित आ.ब. | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५ पौष मसान्त सम्म | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | व्याज आम्दानी | २४,८२५ | २८,६६१ | ३५,१४६ | १९,७४४ | ५२,२८१ | ८७,५६० | १३८,९७७ |
| २ | व्याज खर्च | १६,०५२ | १६,११५ | १९,०६५ | १२,६३३ | २१,१२१ | ३०,७९८ | ४९,२७७ |
| | **खूद व्याज आम्दानी** | **८,७७३** | **१२,५४६** | **१६,०८२** | **७,१११** | **३१,१६०** | **५६,७६२** | **८९,७००** |
| ३ | कमिशन तथा डिस्काउण्ट | - | - | - | | १०० | २५० | ३७५ |
| ४ | अन्य सञ्चालन आम्दानी | ९९६ | १,२५५ | १,७०२ | १,३५६ | १,८८३ | ६,५८९ | १३,१७८ |
| ५ | सटही घटबढ आम्दानी | - | - | - | - | | - | |
| | **कूल सञ्चालन आम्दानी** | **९,७६८** | **१३,८०१** | **१७,७८४** | **८,४६७** | **३३,१४३** | **६३,६०१** | **१०३,२५३** |
| ६ | कर्मचारी खर्च | २,९९१ | ३,४६७ | ३,८२१ | १६६९ | ३,६४० | ४,१८६ | ४,६०४ |
| ७ | अन्य सञ्चालन खर्च | १,७५१ | २,७६२ | २,९३० | २२७७ | २,९०१ | ३,३३६ | ३,६६९ |
| ८ | सटही घटबढ नोक्सान | - | - | - | - | | - | |
| ९ | शेयर निष्काशन खर्च | - | - | - | - | १,१०० | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **५,०२७** | **७,५७२** | **११,०३३** | **४५२१** | **२५,५०२** | **५६,०७९** | **९४,९८०** |
| १० | सम्भावित नोक्सानी व्यवस्थाहरु | - | - | (९४४) | (९३३) | (१,२७१) | (१,३२६) | (१,७९३) |
| | **सञ्चालन मुनाफा/नोक्सान** | **५,०२७** | **७,५७२** | **१०,०८९** | **३,५८८** | **२४,२३१** | **५४,७५३** | **९३,१८७** |
| ११ | गैह्र सञ्चालन आम्दानी/नोक्सान | - | - | - | - | | - | |
| १२ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २,३३० | १,७५३ | - | ३६४ | | - | |
| | **नियमित कारोवारहरुबाट भएको मुनाफा/नोक्सान** | **७,३५७** | **९,३२५** | **१०,०८९** | **३,९५२** | **२४,२३१** | **५४,७५३** | **९३,१८७** |
| १३ | असामान्य कारोवारबाट भएको मुनाफा/खर्च | - | - | - | - | | - | |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा/नोक्सान** | **७,३५७** | **९,३२५** | **१०,०८९** | **३९५२** | **२४,२३१** | **५४,७५३** | **९३,१८७** |
| १४ | कर्मचारी बोनस व्यवस्था | ७३६ | ९३२ | ९१७ | ३५९ | २,२०३ | ४,९९२ | ८,४८६ |
| १५ | **आयकर व्यवस्था** | १,७९८ | ९९४ | २,२०६ | १०७८ | ६,६०८ | १४,९७७ | २५,४५९ |
| | *यस वर्षको कर व्यवस्था* | १,०६६ | १,५२० | २,७१२ | | ६,६०८ | १४,९७७ | २५४५९ |
| | *विगत वर्षसम्मको कर व्यवस्था* | - | १२ | ६८ | - | | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *यस वर्षको स्थगन कर ( आम्दानी/खर्च)* | ७३२ | (५३८.) | (५७४) | - | | - | - |
| | **खुद नाफा/नोक्सान** | **४,८२३** | **७,३९९** | **६,९६६** | **२,५१५** | **१५,४२०** | **३४,७८४** | **५९,४०६** |
| | शेयर संख्या | ४१५ | ४१५ | ४१५ | ४१५ | ४००,००० | ४००,००० | ४००,००० |
| | प्रति शेयर आम्दानी (रु.) | ११.६३ | १७.८४ | १६.७९ | ३.६५ | ३.८६ | ८.७० | १४.८५ |

## बैंकको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने खुद सम्पत्ति (नेटवर्थ)

रु. हजारमा

| विवरण | बास्तबिक आ.ब. | | | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| चुक्ता पूँजी | ४१,४७४ | ४१,४७४ | ४१,४७४ | ४००,००० | ४००,००० | ४००००० |
| जगेडा तथा कोषहरु | ७,३८४ | ८,५६२ | १५,५२६ | २९,४०८ | ६४,१९३ | १२३,६०० |
| **जम्मा** | **४८,८५८** | **५०,०३६** | **५७,०००** | **४२९,४०८** | **४६४,१९३** | **५२३,६००** |
| **कूल नेटवर्थ** | **४८,८५८** | **५०,०३६** | **५७,०००** | **४२९,४०८** | **४६४,१९३** | **५२३,६००** |
| शेयर संख्या (हजारमा) | ४१५ | ४१५ | ४१५ | ४,००० | ४,००० | ४,००० |
| प्रति शेयर नेटवर्थ (रु.) | ११७.७३ | १२०.५६ | १३७.४३ | १०७.३५ | ११६.०५ | १३०.९ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औषत प्रतिफल (प्रतिशत) | ९.८७ | १४.७६ | १२.२२ | ३.३२ | ७.४९ | ११.३४ |
| प्रति शेयर आम्दानी | ११.६२ | १७.८३ | १६.७९ | ३.८६ | ८.७० | १४.८५ |

***निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : १६.१६ %***

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|
| १. कूल निक्षेपमा औषत वृद्धिदर (प्रतिशतमा) | २२.४३% | ५०% | ६०.००% | ६०% |
| २. कूल कर्जा तथा लगानीमा औषत वृद्धिदर (प्रतिशतमा) | १४.४१% | ७३.६३% | ८२.०१% | ५०.७०% |
| ३. कूल कर्जा तथा निक्षेप अनुपात (प्रतिशतमा) | ९६.८७% | ११२.१४% | १२७.५६% | १२०.१५% |
| ४. कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा) | १६.३५% | ४७.२६% | ७३.९६% | ६१.५८% |
| ५. कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा) | १८.९१% | १६.४७% | ३८.४७% | ५१.९५% |
| ६. सञ्चालन खर्च तथा कूल आम्दानी अनुपात (प्रतिशतमा) | ७२.६२% | ५५.३५% | ४२.००% | ३८.९१% |
| ७. निक्षेपको औषत व्याजदर (प्रतिशतमा) | १०.५०% | ७.४२% | ६.७७% | ६.७७% |
| ८. कर्जा तथा सापटको औषत व्याजदर (प्रतिशतमा) | १९.१३% | १६३९.००% | १५.०८% | १५.८८% |
| ९. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% | ३०.००% |
| १०. वैधानिक तरलता (SLR) | २१% | १३५.४२% | ३७.२५% | २५.५४% |
| ११. तरलता (CRR) | २.२८% | ४.३४% | ४.५२% | ४.६७% |
| १२. पूँजी कोष अनुपात (CAR) | २७.५४% | २८.२३% | ३१.४६% | २९.८७% |

*आगामी वर्षहरुको प्रक्षेपित वित्तीय विवरणहरु व्यवस्थापनद्धारा तयार गरी चार्टड एकाउन्टेन्ट चार्टड एकाउण्टेण्ट श्री गोपाल कुमार श्रेष्ठ एल. एस. पि. एण्ड एसोसियट्सले पुनरावलोकन गरी प्रमाणीत गर्नुभएको छ /हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको बैंकको उद्घोषण रहेको छ । साथै, प्रक्षेपित वित्तीय विवरणमा उल्लेख्य फरक भएमा सोको कारण सम्पूर्ण शेयरधनीहरुलाई जानकारी गराइने छ ।*

## त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :

### वासलात

२०७४ श्रावण १ गते देखि २०७५ आषाड मसान्तसम्मका

**पूँजी तथा दायित्व**

| विवरण | रु. हजारमा |
|---|---|
| शेयर पूँजी | ४१,४७४ |
| जगेडा तथा कोषहरु | १५,५२६ |
| ऋणपत्र तथा बन्ड | - |
| तिर्न बाँकी कर्जा सापट | - |
| निक्षेप दायित्व | १८९,६८१ |
| भुक्तानी दिनु पर्ने बिलहरु | - |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभाँश | ६,२२१ |
| आयकर दायित्व | २,७१२ |
| अन्य दायित्व | १३,३१७ |
| **कुल पूँजी तथा दायित्व** | **२६८,९३१** |

**सम्पत्ति**

| विवरण | रु. हजारमा |
|---|---|
| नगद मौज्दात | १२,५५१ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | २८,२५२ |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| लगानी | १९५ |
| कर्जा सापट तथा विल्स खरिद | १८३,७५३ |
| स्थिर सम्पत्ति | ६,६७५ |
| गैर बैकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | ३७,५०५ |
| **कुल सम्पत्ति** | **२६८,९३१** |

### नाफा नोक्सान हिसाब

२०७४ श्रावण १ गते देखि २०७५ आषाड मसान्तसम्मका

| विवरण | हजारमा |
|---|---|
| १. ब्याज आम्दानी | ३५,१४७ |
| २. ब्याज खर्च | १९,०६५ |
| **खुद ब्याज आम्दानी** | १६,०८२ |
| ३. कमिशन तथा डिस्काउन्ट | - |
| ४. अन्य सञ्चालन आम्दानी | १,७०२ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल सञ्चालन आम्दानी** | **१७,७८४** |
| ६. कर्मचारी खर्च | |

| | |
|---|---|
| | ३,८२१ |
| ७. अन्य सञ्चालन खर्च | २,९३० |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | **११,०३३** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | (९४४) |
| **सञ्चालन मुनाफा** | **१०,०८९** |
| १०. गैह्र सञ्चालन आम्दानी/खर्च | - |
| ११. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता | - |
| **नियमित कारेवारबाट भएको मुनाफा** | **१०,०८९** |
| १२. असमान्य कारोवारबाट भएको आम्दानी/खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **१०,०८९** |
| १३. कर्मचारी बोनस व्यवस्था | ९१७ |
| १४. आयकर व्यवस्था | २,२०६ |
| - यस वर्ष सम्मको कर व्यवस्था | २,७१२ |
| - गत वर्षको कर व्यवस्था | ६८ |
| - यस वर्षको स्थगन कर आम्दानी/खर्च | (५७४) |
| **खुद नाफा/नोक्सान** | ६,९६६ |

## नाफा नोक्सान बाँडफाँड हिसाब

**२०७४ श्रावण १ गते देखि २०७५ आषाड मसान्तसम्मको**

| **विबरण** | **रु. हजारमा** |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षको संचित मुनाफा | ७४७ |
| २. यस बर्षको मुनाफा | ६,९६६ |
| ३. पूजी समायोजन कोष बाट फिर्ता | - |
| ४.स्थगन कर जगेडा | - |
| ५.पूजीगत जगेडाबाट फिर्ता | - |
| ६. शेयर प्रिमियमबाट फिर्ता | - |
| **जम्मा** | **७,७१३** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सानी | - |
| २. यस वर्षको नोक्सानी | - |
| ३. साधारण जगेडाकोष | १,३९३ |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्थागत समाजिक उत्तरदायित्व कोष | ७० |
| ६. लाभांस समीकरण कोष | - |
| ७. कर्मचारी सम्वन्धी जगेडाहरु | - |
| ८. प्रस्तावित नगद लाभांश | - |
| ९. प्रस्तावित वोनस शेयर जारी | - |
| १०. विशेष जगेडा कोष | - |
| ११. सटही घटबढ कोष | - |
| १२. पूजी फिर्ता जगेडा कोष | - |
| १३. पुजी समायोजन कोष | - |
| १४. सदस्य सुरक्षण कोष | - |
| १५. स्थगन कर कोष | - |
| १६. लगानी समायोजन कोष | - |

| | |
|---|---|
| जम्मा | १,४६३ |
| सञ्चित मुनाफा/(नोक्सान) | ६,२५० |

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भाबित जोखिमहरु :**

क) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय निती नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु
ञ) देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
ट) बिदेशी बिनिमय कारोबार गर्दा बिनिमय दरमा हुने थपघटबाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी बहन गर्न सक्षम र प्रतिबद्ध छ ।

<u>धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम</u>
रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**
यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको ३० दिन भित्र हकप्रद शेयरको बाँडफाँड गरी बाँडफाँट भएका सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ । साथै नेपाल स्टक एक्सचेञ्जमा लिमिटेडमा सूचीकरण भए पश्चात सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**
कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा बैंकको उपरोक्त विवरणहरु निरीक्षण गर्न सकिनेछ :
१. ***श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा ,सिटिसी मल, काठमाण्डौ ।***
२. ***श्री मल्टीपर्पस फिनान्स कम्पनी लिमिटेड (वित्तिय संस्था) राजविराज, सप्तरी ।***

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**
निष्काशन हुने धितोपत्र प्रत्याभूति नभएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन निर्देशिकामा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी बाँडफाँट भएको हकप्रद शेयर भौतिक प्रमाणपत्ररहित गरी विद्युतीय रूपमा शेयरधनीको डिम्याट खातामा जम्मा गरी खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

फ) **संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**
बैंकको दैनिक कारोवारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला नभएको ।

ब) **हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नपर्ने मुख्य कुराहरु :**

क) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व संस्थाले सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।

ख) आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

- क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुवै),
- ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
- ग) आवेदक विवाहित भएका श्रीमान वा श्रीमतीको नाम,
- घ) आवेदकको स्थायी ठेगाना,
- ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
- च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
- छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर,
- ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो वापत जम्मा गरेको रकम,
- झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर),
- ञ) आवेदन फाराम रद्द हुन सक्ने कारण सम्बन्धी जानकारी,
- ट) लगानीकर्ताको परिचयपत्रको व्यवस्था गरिएकोमा त्यस्तो परिचयपत्र नम्बर,
- ठ) आवेदन फाराम बुझाएको संकलन केन्द्रको नाम तथा ठेगाना,
- ड) आवेदन फाराम बुझाएको मिति

ग) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

घ) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ । साथै शेयर आवेदन दिंदा शेयरधनीहरुले आवेदन दिन पाउने शेयर संख्या खण्डीकरण हुन गएमा शेयरधनीले खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् ।

ङ) संयूक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

च) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

छ) तोकिएको समय भित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

ज) बाँडफाँट भएको शेयर सम्बन्धित शेयरधनीहरुलाई धितोपत्रको प्रमाणपत्र वितरण नगरी अभौतिक रुपमा डिम्याट खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

झ) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सक्नेछन् ।

ञ) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

भ) **आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने व्यवस्था नभएको ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बि प्रबन्धकको नाम ठेगाना उल्लेख गनुपर्ने :**

१. संस्थाको आ.व. २०७३/७४ को लेखापरीक्षण कार्य ***संजय चौधरी एण्ड एशोसियटस्*** *चार्टर्ड एकाउन्टेन्टस्* श्री संजय चौधरीले गर्नुभएको छ । साथै आ.व. २०७४/७५ को लेखापरीक्षण कार्य गर्नका लागि ***र संजय चौधरी एण्ड एशोसियटस्*** *चार्टर्ड एकाउन्टेन्टस्* श्री संजय चौधरीलाई नियुक्त गरिएको छ ।

२. संस्था को कम्पनी सचिवमा ***श्री अजित कुमार मिश्र*** हुनुहुन्छ ।

३. संस्था को वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा बैंक आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा *चार्टड एकाउण्टेण्ट श्री गोपाल कुमार श्रेष्ठ एल. एस. पि. एण्ड एसोसियट्सले* प्रमाणित गर्नु भएको छ ।

४. यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यबसायिक संस्था **सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसि मल, काठमाण्डौ**ले तयार गरेको हो ।

५. यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी **सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल, काठमाण्डौ** रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य:**

१. **हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) नेपाल राष्ट्र बैंक,बैंक तथा वित्तिय सस्था नियमन विभागबाट मिति २०७२/०४/२१ मा परीपत्र जारी गरी आ.व २०७२/७३ को मौद्रिक नीतिमा घोषणा गरिएबमोजिम बैंक तथा वित्तिय संस्थाहरुको पुंजीगत आधार सुदृढ गरी दीर्घकालीन विकासका लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्न सञ्चालनमा रहिरहेको "ग" वर्गका वाणिज्य बैंकले २०७४ असार मसान्त भित्र समानुपातिक रुपमा वृद्धि गरी न्यूनतम चुक्ता पुंजी ४० करोड कायम गर्नु पर्नेमा नेपाल राष्ट्र बैंक,बैंक तथा वित्तिय सस्था नियमन विभागबाट मिति २०७४/०९/१७ को विशेष निर्देशन वमोजिम एक जिल्लामा मात्र कार्यक्षेत्र रहेका इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७६ पौष मसान्तभित्र पुंजी कायम गर्नुपर्ने भएकोले शेयरधनीहरुलाई हकप्रद शेयर जारी गर्न लागिएको हो ।

ख) संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

ग) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गनुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन ।

२. **निष्काशनबाट प्राप्त हुने कुल रकम सम्वन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको योजना**

क) यस संस्थाको जारी पुँजी रु. चालिस करोड रुपैंयाँ भै सोही अनुसार प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भएकोमा हाल चुक्ता पूँजी चार करोड चौध लाख त्रिहत्तर हजार छ सय रुपैंयाँ मात्र भएकोले र संस्थाको अन्य व्यावसायिक कार्य गर्न पूँजीको आवश्यक हुने भएको हुनाले चुक्ता पूँजी वृद्धि गर्न हकप्रद शेयर जारी गरिएको छ । जसलाई निम्न अनुसार उपयोग गर्ने बैंकको योजना रहेको छ ।

| क.सं. | शिर्षक | प्रतिशत | रकम रु. |
|---|---|---|---|
| १ | कर्जा तथा सापट | ७०% | २५०,९६८,५००.०० |
| २ | लगानी | १५% | ५३,७७९,०००.०० |

| | | | |
|---|---|---|---|
| ३ | शाखा विस्तार | १०% | ३५,८५२,५००.०० |
| ४ | अन्य | ५% | १७,९२६,४००.०० |
| | **जम्मा** | **१००%** | ३५८,५२६,४००.०० |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

यस विवरणद्धारा निष्काशन गरिएको हकप्रद साधारण शेयरको लागि आवेदन दिने म्याद हकप्रद शेयरको बिक्री खुल्ला भएको मितिले ३५ (पैंतीस) दिन हुनेछ । हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला अवधि धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अधिनमा रही नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई बैंकको संचालक समितिको निर्णय बमोजिम अधिकतम १५ दिन सम्म थप गर्न सक्नेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

क) हकप्रद शेयर निष्काशनको लागि प्रकाशित “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु” लगानी कर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुचित निर्णयमा पुग्न सहज गर्ने उद्धेश्यले संस्थाको वेभसाइट तथा निष्काशन तथा बिक्रि प्रबन्धकको वेभसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखिनेछ । साथै सोको एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्न समेत उपलब्ध गराइनेछ । साथै शेयरधनीहरुले आफ्नो हकसम्बन्धी विवरण निष्काशन निष्काशन तथा बिक्रि प्रबन्धकको वेभसाइट www.civilcapital.com तथा मल्टीपर्पस फिनान्स कम्पनी लि.(बित्तिय संस्था) को वेवसाईट www.multipurposefinance.com मा हेर्नसक्ने व्यवस्था मिलाइनेछ ।

ख) संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय राजविराज, सप्तरी तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि **“हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु”** हेर्न वा प्राप्त गर्न, निवेदन दिन तथा रकम बुझाउन सकिनेछ । उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट निवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सिभिल क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/C Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार हुलाक सेवा मार्फत रजिष्ट्री गरी वा कुरीयर मार्फत सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल, काठमाण्डौमा पठाएका निवेदनहरुलाई मात्र बाँडफाँटमा समावेश गरिने छ । शेयर विक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।

ग) माथि दफा (ग) मा उल्लेखित कम्पनीका सम्पूर्ण शाखाहरु र हकप्रद शेयर निष्काशन तथा बिक्री प्रबन्धक श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, सिटिसी मल, काठमाडौंका अलावा आस्बा(ASBA)सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुबाट समेत हकप्रद शेयरको आवेदन बुझाउन सक्नेछन् । साथै दरखास्त फारामको हकमा आवेदकहरुले सिभिल क्यापिटल मार्केट लिमिटेडको वेवसाईट www.civilcapital.com तथा मल्टीपर्पस फिनान्स कम्पनी लि.(बित्तिय संस्था) को वेवसाईट www.multipurposefinance.com बाट Download गरि भरेर तोकिएको संकलन केन्द्रमा बुझाउन सकिनेछ ।

घ) निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :
यस हकप्रद निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाता नं |
|---|---|---|
| १. | श्री सिभिल बैंक लि., कमलादी काठमाण्डौं | ००२१००००४८२०१८ |

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धी उद्घोषण :**

क) संस्थाले आफूले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको छ । साथै, यस संस्थाका सञ्चालक एवं संस्थापकहरु कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै अयोग्य नरहेको उद्घोषण बैंकको रहेको छ ।

ख) यस सार्वजनिक निष्काशनलाई इक्रा नेपाल लिमिटेडले खराब आधारहरु (Fundamentals) जनाउने **ICRANP 5 Grade**" प्रदान गरेको छ ।

श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :

पछिल्लो ३ बर्षमा भएको शेयर कारोबारको विवरण :

| आ.ब. | अधिकतम शेयर मुल्य (रु) | न्यूनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७२/०७३ | १६१ | १२८ | १३२ | २२.१९ |
| २०७३/०७४* | - | - | - | - |
| २०७४/२०७५ | ३७६ | ११७ | ३०१ | ७२.३०९ |

* **CDS & Clearing Ltd.** मा सुचिकृत नभएकोले उक्त आर्थिक वर्षमा कारोबार नभएको ।

पछिल्लो ३ महिनामा भएको शेयर कारोबारको विवरण :

| महिना | अधिकतम शेयर मुल्य (रु) | न्यूनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७५ चैत्र | १५२ | १३८ | १४१ | २,३०० |
| २०७६ बैशाख | १८१ | १३९ | १४५ | ६,५३६ |
| २०७६ जेष्ठ | २३९ | १५९ | १९३ | १३,३६९ |

ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्यपूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहिछाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।

| क्र.सं. | सञ्चालकहरुको | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्रीमति फुल मिश्र | अध्यक्ष (संस्थापक शेयरधनी समूह) | |
| २. | श्री अजित कुमार मिश्र | संचालक (संस्थापक शेयरधनी समूह) | |
| ३. | श्रीमति जगदम्बा देवी झा | संचालक (संस्थापक शेयरधनी समूह) | |
| ४. | श्रीमती अर्पना मिश्र | सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) | |
| ५. | श्री जय प्रकाश ठाकुर | संचालक (संस्थापक शेयरधनी समूह) | |
| ६ | श्री शिवहरी प्रसाद भट्टराई | सञ्चालक (सर्वसाधारण शेयरधनी समूह) | |

स) निष्काशन तथा बिकी प्रबन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/ संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनवाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।